library NEPAL

# पाठ २: साना बालबालिकाहरू र नपढ्नेहरूको निम्ति कथा

elektra media
Published by Elektra Media Ltd
Istambha Nepal

# पाठ २: साना बालबालिकाहरू र नपढ्नेहरूको निम्ति कथा

library NEPAL

पाठ २ ले साना बालबालिकाहरू र नपढ्नेहरूको निम्ति कथालाई समेट्छ र तपाईंको अध्ययन समूहलाई पुस्तकहरू पढ्न र पुस्तकहरूको बारेमा कुरा गर्नको निम्ति सहयोग गर्छ। यो पाठमा तपाईंका अध्ययन समूहले पात्रहरूको बारेमा कुरा गर्नेछन्, कथाले कसरी काम गर्छ भन्ने कुरा छलफल गर्नेछन् र कथाको बारेमा अनुमान गर्नेछन् अनि सँगसँगै ठूलो स्वरले पढ्नेछन्। यो प्रस्तुतिले तपाईंलाई केही क्रियाकलापहरूको निम्ति चाहिने सामाग्रीहरू र महत्वपूर्ण सुझावहरूसहित कार्यपुस्तिकाको बारेमा जानकारी दिनेछ।

यो पाठमा भएका क्रियाकलापहरूले सामूहिक छलफल, सामूहिक पढाइ, लेखाइ र चित्र कोर्ने काम जस्ता विभिन्न सीपहरू समेटेको छ। यी क्रियाकलापहरूलाई संकेतहरूद्वारा जनाइएको छः


छलफल क्रियाकलाप


लेख्ने क्रियाकलाप


चित्र कोर्ने क्रियाकलाप


पढाइ र अनुसन्धान क्रियाकलाप


सामूहिक पढाइ


दुई जनाको समूहमा काम गर्ने


समूहमा काम गर्ने

यस्तो संकेत भएको कार्यपुस्तिकामा तपाईंले अतिरिक्त सल्लाहहरू पाउन सक्नुहुनेछ।



elektra media Published by Elektra Media Ltd
Istambha Nepal

# कार्यपुस्तिकाहरूको प्रयोग कसरी गर्ने

हरेक पाठका क्रियाकलापहरू एकपट्टिमात्र प्रिन्ट गरिएका कार्यपुस्तिकाहरूमा समेटिएका छन् ।

सम्भव भएसम्म, समूहमा बाँड्नको निम्ति कार्यपुस्तिकाहरू प्रिन्ट गर्नुहोस् ।

तर यसो गर्न सम्भव नभएमा चिन्ता नगर्नुहोस् । त्यसको निम्ति तपाईंले दिइएका कुरा गर्न सक्नुहुन्छः

- यदि तपाईंसँग कम्प्युटर छ भने कम्प्युटर स्क्रिनमा देखाउनुहोस् ।
- मोबाइलको प्रयोग गरेर सबै विद्यार्थीलाई देखाउनुहोस् ।
- क्रियाकलाहरूलाई ठूलो सेतो/कालो पाटीमा लेख्नुहोस् ।
- सत्र सुरु गर्नु अगाडि कार्यपुस्तिकालाई हेर्नुहोस् र तपाईंको अध्ययन समूहसँग गर्ने क्रियाकलापहरूको नोट बनाउनुहोस् ।

तपाईंले कुनै पनि कुरा प्रिन्ट गर्नुपर्ने वा पुस्तकालयमा स्क्रिनमा देखाउनु पर्ने बाध्यता छैन ।
यी सामाग्रीहरूलाई अवधारणाहरूको रूपमा प्रयोग गर्नुहोस्, तिनलाई स्मरण गर्नुहोस्, तिनीहरूको बारेमा अरूलाई बताउनुहोस् र ती अवधारणाहरूको प्रयोग गर्नुहोस् ।
सामाग्रीहरूको अभाव छ भने, लेख्ने र चित्र कोर्ने क्रियाकलापहरूलाई समूहिक छलफल क्रियाकलापमा बदल्न सक्नुहुन्छ । विद्यार्थीहरूले लेख्नु वा तिनीहरूले बनाएको चित्रको वर्णन गर्नुको साटो कथा भन्न सक्छन् । यी क्रियाकलापहरूलाई पुस्तकालयमा उपलब्ध सामाग्री अनुसार अनुकूल तरिकाले प्रयोग गर्न सकिन्छ ।

तपाईंले यी सामाग्रीहरू जुनसुकै बेला डाउनलोड गर्न सक्नुहुन्छ र तिनीहरूलाई कम्प्युटर, स्थानीय संजाल (नेटवर्क) वा तपाईंको फोनमा राख्न सक्नुहुन्छ । यसको निम्ति तपाईंले www.library-nepal.com मा जानुपर्छ ।

Published by Elektra Media Ltd
Istambha Nepal

# १) कथाहरू


यो सत्रमा, अध्ययन समूहहरूले कथाको बनावटको बारेमा सिक्ने छन् । कथाहरूको सुरु, मध्य र अन्त्य हुन्छ । समूहले आफूले जानेको कथालाई नयाँ तरिकाले अन्त्य गर्नेछन्, कार्टुनलाई ठिक क्रममा मिलाउनेछन् र कार्टुनका कथाहरूको आधारमा समूहमा मिलेर कथा लेख्नेछन् ।

## सामाग्रीः

- लेख्नको निम्ति सामाग्री (ऐच्छिक)


## क्रियाकलापका निम्ति सुझावहरूः

१. यो क्रियाकलाप पुरा गर्नुभन्दा अगाडि कथाको सुरु, मध्य र अन्त्यको बारेमा कुरा गर्नु उपयोगी हुन्छ । घटनाहरू तार्किक क्रममा मिलेका हुन्छन् भन्ने कुरा तपाईंको समूहले जानेको हुनुपर्छ । सुझावः



२. चित्रहरूलाई फरक क्रममा मिलाउँदा कथामा के परिवर्तन आउँछ भनेर सोध्नुहोस् ।

३. कार्टुनको आधारमा कथा लेख्नुहोस् । कार्यपुस्तिकामा प्रश्नहरूको सूचि दिइएको छ; समूहका हरेकलाई प्रश्न सोध्न सक्नुहुन्छ र उत्तरहरूबाट कथा निर्माण गर्न लगाउन सक्नुहुन्छ । यो कुरालाई समूहमा कुरा गर्न सक्नुहुन्छ, लेख्नुपर्दैन!



कथाहरू

पाठ २ साना बालबालिकाहरू र गैर-नपढ्नेहरूको निम्ति

कथाको सुरु, मध्य र अन्त्य हुन्छ । हामीले सबै शब्दहरू पढ्न सकेनौँ भने पनि तस्बिरहरू र अन्य संकेतहरूले हामीलाई कथा केको बारेमा रहेछ भन्ने कुरा बताउँछन् । यो सत्रमा, तपाईंले कथालाई ठिक क्रममा मिलाउनुहुनेछ र आफ्नै नयाँ कथा बनाउनुहुनेछ!

१. दुईजनाको समूहमा काम गर्नुहोस् । यहाँ केही तस्बिरहरू दिइएका छन् जसले कथा भन्छन् । यसको सुरु, मध्य र अन्त्य छ, तर तिनीहरू गलत क्रममा मिलाइएका छन् । तस्बिरहरूलाई ठिक क्रममा मिलाउनुहोस् ।

तपाईंको समूहलाई तार्किक क्रममा भइरहेका घटनाको बारेमा सोच्न प्रोत्साहन गर्नुहोस् ।

२. के यी चित्रहरू फरक क्रममा मिलाउन सकिन्छ? यसो गर्दा कथामा कस्तो परिवर्तन आउँछ? तपाईंका विचारहरूलाई समूहमा छलफल गर्नुहोस् ।

३. चित्रहरूको आधारमा तपाईंको समूहमा एउटा कथा बनाउनुहोस् । हरेक व्यक्तिले पालैपालो कथाको एक वाक्य भन्नुहोस् ।

प्रत्येक विद्यार्थीलाई तल दिइएका प्रश्नहरूमध्ये एउटा प्रश्न सोध्न सक्नुहुन्छः

- पात्रहरूको नाम के हो?
- के हात्तीको नाम हुन्छ?
- तिनीहरू कहाँ गइरहेका छन्?
- के अरू पात्रहरू पनि छन्?
- पात्रहरूले कस्तो महसुस गर्छन्?

Published by Elektra Media Ltd

Istambha Nepal

# २) पात्रहरूको वर्णन

यो सत्रमा, अध्ययन समूहले पुस्तकालयका पुस्तकमा भएका चित्रहरूको प्रयोग गरेर पात्रहरूको वर्णन गर्नेछन् । तिनीहरूले विभिन्न चित्रहरू र चित्र भएका पुस्तकहरू  प्रयोग गर्नेछन् र पात्रको बाहिरी रूपको बारेमा वर्णन गर्नेछन् । समूहले मिलेर पात्रहरूको सृजना गर्नेछन् र चित्र पनि बनाउनेछन् ।

---

## सामाग्रीः

- छानिएका चित्र भएका पुस्तकहरू
- लेख्ने सामाग्री (ऐच्छिक)
- चित्र बनाउनको निम्ति रङ्गीन सिसाकलमहरू र चित्र बनाउने कागज (ऐच्छिक)


---

## क्रियाकलापका निम्ति सुझावहरूः

१. कार्यपुस्तिकामा भएका चित्रहरू हेरेर पात्रहरूको वर्णन गर्न सुरु गर्नुहोस् । समूहलाई पालैपालो एउटा चित्रको बारेमा एउटा कुरा भन्न लगाउन सक्नुहुन्छ । पानामा छलफल गर्नको निम्ति तपाईंलाई मदत गर्ने प्रश्नहरूको सूचि दिइएको छ ।

२. सबैले जानेको एउटा पात्र सोच्नुहोस् र समूहमा त्यस पात्रको बाहिरी स्वरूपको वर्णन गर्नुहोस् । त्यो पात्र देवी वा देवता वा प्रख्यात कथाको पात्र पनि हुनसक्छ ।

३. छानिएका चित्रकथाहरू समूहमा बाँड्नुहोस् र विद्यार्थीहरूलाई दुईजनाको समूहमा काम गर्न लगाउनुहोस् । सम्भव हुन्छ भने, सबै बालबालिकालाई एक-एकओटा पुस्तक दिनुहोस् । विद्यार्थीहरूले दुईजनाको समूहमा काम गर्नेछन् र पालैपालो पात्र पत्ता लगाएर वर्णन गर्नेछन् । विकल्पको रूपमा यसलाई सबैजनाको समूहमा पनि गर्न सकिन्छ ।


पात्रहरूको वर्णन
पाठ २ साना बालबालिकाहरू र गैर-पाठकहरूको निम्ति कथा

पात्र कथाको एउटा व्यक्ति हो । पात्र कुनै जनावर वा देवी र देवताहरू जस्ता अन्य कुनै प्राणी पनि हुन सक्छन् । यो सत्रमा तपाईंले चित्रमा भएका पात्रहरू कस्ता देखिन्छन् भनेर वर्णन गर्नुपर्नेछ ।

१. दिइएका तिन पात्रहरू हेर्नुहोस् । समूहमा तिनीहरू कस्ता देखिन्छन् भनेर वर्णन गर्नुहोस् ।

उदाहरणः
यो वृद्ध मानिसको चित्र हो । उनको कपाल कैलो छ र उनले टोपी लगाएका छन् ।

सोध्नुहोस्:
- यो पात्र मानिस हो कि जनावर?
- उनको कपाल कुन रङ्गको छ?
- उनले के लगाएका छन्?

२. सबैले जानेको एउटा प्रख्यात पात्र छान्नुहोस् ।
यो सबैले जानेको कथाको पात्र वा देवी वा देवता पनि हुनसक्छ ।
समूहमा त्यो पात्र कस्तो देखिन्छ भनेर वर्णन गर्नुहोस् ।

३. दुई जनाको समूहमा काम गर्नुहोस् । हरेकले पुस्तकालयबाट एउटा पुस्तक छान्नुपर्छ । कुनै एक पात्रको चित्र छान्नुहोस् र आफ्नो साथीलाई त्यस पात्रको बारेमा तिनओटा कुराहरू बताउनुहोस् । तपाईंको साथीले तपाईंको पुस्तक हेरेर तपाईंले वर्णन गर्नुभएको पात्रको अनुमान गर्नुपर्छ । त्यसपछि भूमिका परिवर्तन गर्नुहोस् । तपाईंको साथीले पात्र छान्नुहुन्छ अनि तपाईंले त्यो कुन चित्र हो भनेर अनुमान लगाउनु पर्छ ।

४. दुई जनाको समूहमा काम गर्नुहोस् । हरेकले एउटा पात्रको सृजना गरेर त्यस पात्रको चित्र बनाउनुपर्छ ।
तपाईंको साथीसँग चित्र साट्नुहोस् ।
तपाईंको साथीको पात्रका तिन कुराहरू वर्णन गर्नुहोस् ।

विद्यार्थीहरूले पात्रको उचाइ, आकार, कपालको रङ्ग, आँखाको रङ्ग, कपडा वा कुनै चाखलाग्दो शारीरिक विशेषताहरू बताउन सक्छन् ।

चित्र बनाउने सामाग्रीहरू उपलब्ध छैनन् भने तपाईंको समूहका सदस्यहरू दुईजनाको समूहमा काम गर्न सक्नेछन् र एउटा पात्रको सृजना गर्न सक्नेछन् । तिनीहरूले बाँकी समूहलाई आफ्नो पात्र कस्तो देखिन्छ भनेर वर्णन गर्नुपर्छ । समूहले त्यस्तो पात्र भएको एउटा कथा सुझाउनुपर्छ ।

Published by Elektra Media Ltd
Istambha Nepal

Published by Elektra Media Ltd
Istambha Nepal

# ३) एकसाथ पढ्ने

यो सत्रमा, पढ्ने र नपढ्नेको लागि छुट्टा छुट्टै कार्यपुस्तिका हुन्छ । अध्ययन समूहले चित्रको आधारमा के हुनेछ भन्ने कुराको अनुमान लगाउनेछन् । त्यसपछि सबैजनाले पुस्तक स्वर निकालेर पढ्नेछन् वा विद्यार्थीहरू पढ्न जान्दैनन् भने रिडिङ् च्याम्पियनले पढेर सुनाउनुपर्नेछ ।

## सामाग्रीहरू:

- छानिएका छोटा कथा र चित्र कथाका पुस्तकहरू
- रङ्गीन सिसाकलमहरू र चित्र कोर्ने पानाहरू (ऐच्छिक)


## क्रियाकलापको निम्ति सुझावहरू

### पढ्नेहरूको निम्ति:

१. तपाईंको समूहलाई चित्रको आधारमा अब के हुन्छ होला भन्ने कुराको अनुमान लगाउन प्रोत्साहन दिनुहोस् । समूहलाई छोटो पुस्तक छान्न लगाउनुहोस् ताकि त्यो पुस्तक यही सत्रमा पढिसकियोस् ।
२. यदि तपाईंको समूहले पढ्न लजायो भने सुरु गर्नको निम्ति तपाईंले सुरुका केही वाक्यहरू पढ्न सक्नुहुन्छ । यदि कसैले पढ्न चाहँदैन भने कर नलगाउनुहोस् ।
३. विद्यार्थीहरूलाई कथाको सारांश भन्न लगाउनुहोस् । के उनीहरूले गरेको अनुमानसँग मेल खायो?

### नपढ्नेहरूको निम्ति:

१. तपाईंको समूहलाई चित्र पुस्तकमा भएको चित्र हेर्न लगाउनुहोस् र कथामा के हुन्छ होला भनेर अनुमान गर्न लगाउनुहोस् ।
२. तपाईंको समूह चित्र कथाको सम्पूर्ण पुस्तक पढ्न तयार नहुन सक्छ, तर पनि उनीहरूले केही शब्दहरू चिन्न सक्छन् । ती शब्दहरूको सूचि बनाउनुहोस् र ती शब्दहरूसबाट वाक्य बनाउनुहोस् । के यी शब्दहरूको आधारमा उनीहरूले कथामा के हुन्छ होला भन्ने अनुमान लगाउन सक्छन्?


एकसाथ पढ्ने
पाठ २ साना बालबालिकाहरू र गैर-पाठकहरूको निम्ति कथा

चित्रहरूले कथा भन्छन् । यो सत्रमा तपाईंले चित्रको आधारमा कथाको अनुमान लगाउनुहुनेछ र त्यसपछि समूहमा एकसाथ कथा पढ्नुहुनेछ ।

**पाठकहरूको निम्ति:**

१. पुस्तकालयमा गएर एउटा पुस्तक छान्नुहोस् ।
पुस्तकको अगाडिको गाता हेर्नुहोस् ।
तपाईंको विचारमा के हुन्छ होला?
समूहमा आफ्नो विचार बाँड्नुहोस् ।

विद्यार्थीहरूलाई छोटो पुस्तक छान्न लगाउनुहोस् ताकि उक्त कथा सोही सत्रमा पढ्न सकियोस् ।

२. समूहमा पालैपालो एक-एक वाक्य ठूलो स्वरमा पढ्नुहोस् ।

३. कथामा के भयो?
तपाईंका अनुमानहरू सही भए?
तपाईंका विचारहरू समूहमा बाँड्नुहोस्

विद्यार्थीहरूलाई तिनीहरूले पढेको कुराको सारांश भन्न प्रोत्साहन दिनुहोस् र क्रियाकलाप १ मा तिनीहरूले राखेको विचारसँग तुलना गर्न लगाउनुहोस् ।

**गैर-पाठकहरूको निम्ति:**

नपढ्नेहरूको निम्ति यी क्रियाकलापहरू ठूलो स्वरमा पढिदिनुहोस् ।

१. पुस्तकालयमा गएर एउटा पुस्तक छान्नुहोस् ।
समूहमा, चित्र हेरेर कथामा के हुन्छ भनेर अनुमान गर्नुहोस् ।
पढाइ च्याम्पियनले तपाईंको निम्ति पुस्तक पढिदिनुहुन्छ ।
के तपाईंका अनुमानहरू सही थिए?

२. तस्विर भएको अर्को पुस्तक छान्नुहोस्
यो समय, पुस्तकमा हेर्नुहोस् र पालैपालो तपाईंले चिन्ने शब्दहरू देखाउनुहोस् र ठूलो स्वरमा पढ्नुहोस् ।
के यी शब्दहरूको प्रयोग गरेर समूहमा कथा बनाउन सक्नुहुन्छ?
अरू शब्दहरू के हुनसक्छन् अनुमान लगाउन सक्नुहुन्छ?
पढाइ च्याम्पियनले तपाईंको निम्ति पुस्तक पढिदिनुहुन्छ ।

यदि तपाईंको समूहलाई शब्द चिन्न कठिन भइरहेको छ भने, अर्को पुस्तक लिनुहोस् र क्रियाकलाप १ दोहोऱ्याउनुहोस् ।

३. दुईओटा कथामध्ये कुनै कथाको तपाईंलाई मन पर्ने कथाको भागको चित्र बनाउनुहोस् ।

elektra media Published by Elektra Media Ltd
Istambha Nepal

हाम्रा सल्लाहहरू र सामाग्रीहरूको प्रयोग गरेर तपाईंको विद्यालयमा पढाइ कार्यक्रम सुरुवात गर्ने काममा हर सफलताको कामना गर्दछौँ ।

हाम्रा सबै कार्यपुस्तिकाहरू दिइएको वेभ ठेगानाबाट डाउनलोड गर्न सक्नुहुन्छः
www.library-nepal.com

यदि तपाईंसँग कुनै प्रश्नहरू छन् भने दिइएको इमेल ठेगानामा हामीलाई सम्पर्क गर्न सक्नुहुन्छः
info@library-nepal.com



elektra media
Published by Elektra Media Ltd
Istambha Nepal